CC-0. In Public Domain. Digitization by eGangotri

द्वैत सुधा

र

म प्रदर्शन

द० ६२७७
२०६
बी० वि० पी० पु०
मू० १।५०

आंशिक आरक्षित

—डा० चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत-सुधा

ब्रह्मनिष्ठ :

डा० क्षितीशचन्द्र चक्रवर्ती

कुलपति-अखिल अद्वैत विश्वविद्यालय

संस्थापक-अद्वैत संस्था, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

✻ प्रकाशक :

डम्बरजङ गुरुङ्ग अद्वैत-रत्न
उपकुलपति : "स्वरूप ज्ञापक"
अद्वैत विश्वविद्यालय खुदी बेनी
गण्डकी अञ्चल नेपाल।

Rs 3 - 00

✻ मूल्य ५।

✻ श्रीकृष्ण जन्माष्टमी
२०२७

✻ प्रथम संस्करण
१००० प्रति

✻ सर्वाधिकार सुरक्षित
अद्वैत प्रतिष्ठान

✻ मुद्रक :

भारती प्रेस, १।१६५ जनरलरोड नारायणगढ़
चितवन नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

जुन प्रतिष्ठानले मलाई संधै सु-मार्ग गामी बन्न प्रेरणा दिई अज्ञात आत्मतत्वको वारे बोध दिलायो; सत्संग परायण बनायो र जुन प्रतिष्ठान मानव मात्रको कल्याण-पथ-प्रदर्शन गर्न सदा तत्पर छ यस्तो सुप्रशिद्ध अद्वैत-संस्था [अद्वैत प्रतिष्ठान] को दीर्घता र चिरजीवोताको कामना गर्दै यो सुगन्धित पुष्प मेरा स्वर्गीय पिता सुवे० नन्दराज मुरुङ्ग र स्वर्गीया माता ज्ञान कुमारी मुरुङ्गका नाउंबाट पवित्र अद्वैत प्रतिष्ठानलाई भक्ति पूर्वक समर्पण गर्दछु।

डंबरजङ्ग सरस्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय पृष्ठ

परिचय :

मेरो भन्नु :

अद्वैत सुधा

म हूँ अद्वैत ब्रह्मवस्तु : १

म अहङ्कार होइन : २

अज्ञान हो ममा कल्पित : १४

म निर्विभाग चैतन्य हूँ : १७

म संसारको साक्षी हैन : १९

म एकरस ब्रह्म हूँ : २७

आत्मप्रदर्शन

आत्मस्वरुपको सम्यक प्रदर्शन : १

संक्षीप्तमा युक्ति प्रदर्शन : ९

आत्मस्वरुपको अनुभूति : १६

साक्षात्कारको रहस्य : १८

समाधि र साक्षात्कारको विवेचन : २१

विषय–सूचि :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्को दर्शन मात्रले हृदयको दुर्भावना हट्दछ,
जस्को वाक्य सुनेर भित्र मनमा आनन्द मौलाउँछ ।
जस्को सङ्गतले स्वरूप सुखको सत्ता खुली हाल्दछ,
यस्ता ज्ञानमय क्षितीश भगवान्लाई नमस्कार छ ।

ले० स्वर्गीय सु. डिल्लीजङ् गुरुङ्
२०२१ साल वैशाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भन्नु :

अद्वैत संस्थाका सम्मान्य सभापति वेदार्थ-वित श्री गोविन्दराम सस्स्वतीज्यूबाट मैले आज भन्दा धेरै वर्ष अगाडी मेरो घर घनपोखराको उच्च शिखरमा बराबर सत्संग पाई रहेँ। वाहाँकै माध्यमबाट परमपूज्य ब्रह्मनिष्ठ गुरुदेव डा० श्री क्षितीशचन्द्र चक्रवर्तीज्यूको उपदेश संग परिचय भयो। यसले गर्दा आफ्नो भएको शुभ संस्कारलाई बढाउन मलाई धेरै नै बल मिल्यो अनि जति जति सत्संगादि ब्रह्म वार्तामा भागलिन थालें उतिउति आनन्दको अनुभूति बढ्न थाल्यो। जति जति आनन्द बढन थाल्यो झन् झन् क्षितीश बाबुमा श्रद्धाको मात्रा बढ्दै गयो। अनि खुदी निवासी सत्संगमा प्रेम राख्ने सबै मिली श्रद्धेय गुरुलाई खुदीमा ल्याउने योजना बनायौं। यसरी मैले श्रीचरणको दर्शन गर्ने, सेवा गर्ने र उपदेश सुन्ने सौभाग्य पाएँ अनि यसले गर्दा जीवन सुधार भएको पाएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि २०२२ साल चैत्र महिनामा नारायणगढ (चितवन) मा श्री गुरुको समुपस्थितिमा भव्य सत्संग भएको थियो। त्यतिबेला देखि साक्षात्कार को रहस्य खुल्दै आयो र झन २०२३ साल आषाढ २२ देखि जुन दिन कलकत्तामा ज्ञानालोक [अज्ञातवाद] लेख्न सुरु भयो र त्यति नै बेला अद्वैत-संस्थाको पनि स्थापना भयो, त्यही शुभ मूहर्त देखी त यसको प्रवाह नै चल्यो जुन आज सम्म चलो रहेछ र संधैका लागी चली रहने पनि छ। जसरी गङ्गाजीबाट आ-आफ्नो भाँडा अनुसार पानी ली आउँछन् उसै गरी आ-आफ्नो क्षमता अनुसार श्रद्धालुहरूले उपदेशलाई ग्रहण गरे। गंगाजी मा पुगेर पनि भांडाको अभावले गर्दा कोही रीत्तै फर्कनु परे झैं श्रद्धारूपी भाँडाको अभावले त्यतिखेर देखी यतिखेर सम्म पान साक्षात्कार रुपी अद्वैत सुधाबाट कोही वञ्चितछन्-यो सुधा नदीको दोष हैन पुरुषार्थाभाव हो।

मलाई लागेको छ पुरूषार्थ नै जीवन हो। पुरुषार्थको अर्थ परमात्म प्राप्ति हो। जो परमार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा प्रमाद गर्दछ ऊ वास्तवमा जीवित मानिस हैन । मृत्यु भनेको के हो ? भन्ने राजा धृतराष्ट्रको शंकामा सनत्सुजातीयले भन्नु भएको छ "प्रमादलाई म मृत्यु भन्दछु ।" यसैले प्रमादी वा पुरुषार्थहीन बन्नु उचित छैन । अप्रमादबाट नै आत्यन्तिक कल्याण हुन्छ–अरुबाट हुंदै हुंदैन । स्वर्गका राजा इन्द्र; भगवान श्रीराम, राजा जनक आदि प्रवृत्ति मार्गबाट कल्याण नहुने देखी यही अभय मार्गको अनुशरण गर्नु भएको कुरा इतिहास पुराणबाट थाहा हुन्छ । अनि हाम्रा पुराणादि हामिलाई "महापुरुषहरु हिंड्नु भएको बाटो हिंड" भनी आदेश दिन्छन्–हाम्रो सदा कल्याण चाहने शास्त्रको आज्ञा हामिले मान्नु पर्दछ । यसैले घर घरमा, गाउँ गाउँमा र छिमेकमा भै रहने सत्संगमा भाग लिई, अद्वैत महाविद्यालय, अद्वैत विश्वविद्यालय-आदि प्रतिष्ठानमा अध्ययन गरी समय र शरीरमा बल छंदैमा आत्मलाभ गरी हाल्नु पर्दछ । समय छ; गरुँला नि भनी काम बांकि राख्नु स्वयंलाई धोखा दिनु हो । यो त घरमा आगो लागे पछि कुवा खन्नु जस्तो कुरा भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतदर्थ आत्मकल्याण चाहने मानिसले सदगुरुको शरणमा आफूलाई समर्पण गरी हाल्नु पर्दछ । याहां जुन आफूको प्रसंग चलीरहेछ त्यो नक्कलि पुरूष वा छायां पुरुष हो । सबैको भित्र दुईटा आफू विद्यमान छ- एउटा नक्कलि र आर्को सक्कलि (विम्ब र प्रतिबिम्ब) । यो नक्कलि मानिसमा "म" भन्ने बुद्धि सबैको छ अनि यसले गर्दा मानिस गुरुको शरणमा पर्न सक्तैन, परमार्थमा लाग्न सक्तैन । किनकि गुरुको शरणमा पर्‍यो कि यो आगमापायी 'म' मरी हाल्दछ । यसैले यो 'म' ले सबैलाई कल्याणको बाटोमा हिंड्न रोकी दिन्छ किनकि त्यसोभए आफू मरी हाल्नु पर्दछ । वस्तुतः कुरा के भने यो आफू मन्यो कि त मानिस चिरञ्जीवी भै हाल्छ यो जीवित छउंजेल मानिस मरणशील, भययुक्त, चिन्तायुक्त र खिन्न भै रहन्छ । त्यसैले वेदान्तशास्त्र सर्वप्रथम सदगुरुको शरणमा जाने आदेश दिन्छ । किनकि अहंभावलाई मार्ने शक्ति एकमात्र छ श्री गुरुमा । दुनियांमा यसैले यदि कोही सज्जन छन् भने त्यो गुरु नै हो । श्रीगुरु वाहेक हाम्रो आन्तरिक कल्याण चाहने मानिस अरु कोहो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनै सक्तैन । अरु त खाल्टामा पार्ने मात्र हुन् । यसै हुनाले श्रीगुरुलाई ब्रह्मा, विष्णु, महेश्वर भन्दा उच्च श्रेणिमा हाम्रा शास्त्रकारहरुले राखेका छन् । उनीहरु भन्दछन् शिवजी रिसाय डराउनु पर्दैन किनकि श्रीगुरु त छँदै हुनु हुन्छ किन्तु श्रीगुरु रुष्ट हुनु भए सर्वनाश भो किनकि शिवादि देवता आई यसबाट रक्षा गर्न सक्तैनन् ।

कसैको यस्तो भनाई पनि छ कि शास्त्र र सत्संग भए त पुगी हाल्यो नि गुरु नै किन थापना गर्नु पऱ्यो र ? यो उचित भनाई हैन ।"तिमी शुद्ध चैतन हौ" भन्ने महावाक्य श्रीगुरुकै मुखार विन्दबाट सुन्नु पर्दछ नत्र उपदेश फलदाई हुंदैन । जति जानोस् तर यदि उसको गुरु छैन भने ऊ पतन नै हुन्छ यो शास्त्रको घोषणा हो "गुरु विना पतन हुन्छ" "गुरुको द्रोह गर्ने मानिस ब्रह्मराक्षस हुन्छ, कोटी जुग सम्म रौरव नरकमा पर्दछ, "जसका छैनन् ज्ञानी गुरु ती जान्छन् रित्तो हात गरी "आदि उक्तिहरुले जीवनमा गुरुको आवश्यकता सूचित गर्दछ । धेरै विद्यामा पारंगत हुनुभएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवर्षि नारदले पनि अन्ततः गुरु स्थापना गर्नै परेको कुरा उपनिषद पुराणादिबाट थाहा हुन्छ । किनकि युक्ति विना मुक्ति मिल्दैन र युक्ति श्रीगुरुबाट नै मिल्दछ । यसैले हामी श्रीगुरुचरणको पक्षपाती छौं ।

अस्तु ! आफ्नो समयलाई गुरुचरणको सेवामा र सत्संगमा अधिकाधिक संलग्न गर्दै अद्वैत संस्थाको सेवामा पनि आफूलाई उपयोग गर्ने आशिर्वादका साथै गुर्वानुग्रह मैले प्राप्त गरें यस पछि पूज्यचरणबाट धेरै ग्रन्थहरुको रचना भयो ती मध्ये एउटा यो अद्वैत सुधा र आत्मप्रदर्शन हो । यसलाई छाप्ने ईच्छाले मैले गुरुचरणमा र अद्वैत संस्थामा निवेदन गरें । दुवै तिरबाट आशिर्वाद सहित मलाई अनुमति मिल्यो । अनि मैले प्रकाशनको यो काम अद्वैत संस्थाका सम्मान्य सचिव, भ्रातृवत् गंगाराम श्रेष्ठ अद्वैत रत्नलाई सुम्पें । वाहांको सहयोगले किताप चांडै निस्कन सक्यो यसकालागी म वाहांलाई अनि यतातिर अग्रसर गराउने वहांका दुई दाज्यू श्री बाबुराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोविन्दराम श्रेष्ठलाई धन्यवाद टक्न्याउँछु । र अनि अन्तमा प्रातःस्मरणीय गुरुदेवका चरण कमलमा भक्तिपूर्वक कोटिशः वन्दना चढाउंछु र श्रीचरणको सदा आशिर्वादको कामना राख्दछु ।

अनि स्थायी सुख र शान्ति चाहनु हुने सवै नेपाली वन्धुहरुलाई प्रथमतः आफूलाई गुरुको चरणकमलमा न्यौछावर गरी प्रमादलाई पन्साई यत्नपूर्वक आफ्नो स्वरुपको परिचय (साक्षात्कार अथवा अद्वैतामृत पान) गर्नुहुन म सविनय अनुरोध पनि गर्दछु ।

विनित

डम्वरजङ्ग "सरस्वती"

उपकुलपति

"स्वरुप ज्ञापक" अद्वैत विश्वविद्यालय

ज्ञानभूमि खुदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई शब्द

प्रस्तुत अद्वैत सुधा र आत्म प्रदर्शन २०२४ आषाढ २३ मा नरायणगढमा स्वयं ब्रह्मनिष्ठ गुरूवरको मुखारविन्दबाट लेखाइएको हो ।

सुधाको नेपाली हो अमृत र अद्वैत भनेको कहिल्यै नहराउने र नाश नहुने (परमार्थ सत्य) वस्तु हो । सबै मानिसले छिन छिनमा हराई रहने र नाश भै रहने वस्तुलाई अमृत ठानी मानी त्यसैको प्राप्तिमा तन, मन र धन समेत लगाई रहेका छन् । यसबाट आज सम्म न कसैले सुख र शान्ति पाए, न पाउँदै छन् र न पछि पाउने छन् । किनकि संसार अमृत हैन–संसार अमृत भएको भए त्यसबाट एउटा न एउटा मानिस त अवश्य नै अघाउने थियो किन्तु यसो भएको आजसम्म ब्रह्मादिलोक देखि याहांसम्मकाबाट थाहा पाइएको छैन ।

यसैले कहिले पनि नहराउने र नाश नहुने वस्तुलाई सबैले अंगाल्नु पर्दछ । यो वस्तु हो स्वयं आफू । आफू भनेको अद्वैत बस्तु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनकि राम्रो संग विचार गरे आफू भन्ने वस्तु [सबैको वास्तविक म] विपनामा, सपनामा, मस्त निद्रामा, समाधिमा, मूर्च्छामा, एक विषय छाडी आर्को विषयलाई समात्नु भन्दा पहिलो छिनमा (सन्धिकालमा) अथवा जीवनको हरक्षणमा कहिल्यै हराउँदैन । यही वस्तु हो अमृत किनभने यसलाई पान गरे पछि (जाने पछि) आफूलाई मरणशील भनी ठानेका मानस अमर भै हाल्दछ । अमृत पानको अर्थ यही हो । अनि निरिश्वरवादीको निरिश्वरता, शून्यवादी बौद्धको शून्यता, विज्ञानवादीको बोद्धृता, जड्वादीको जडता, परमाणुवादीको मरमाणुता, संसाराको संसारीभाव, अज्ञानीको अज्ञान, अहंवादीको अहंमण्यता आदिको सिद्धिदायक अथवा यी सबैको अलुप्त प्रकाशक पनि यही आफू हो । किनकि विचार गरे थाहा हुन्छ–"म नास्तिक हूँ" भन्ने कुरा नास्तिकले जान्न सक्तैन किनभने एकैजना कर्ता र कर्म दुवै हुन सक्तैन । उस्तै गरी "म मजासंग सुतेको थिएं, केही पनि जानिन "भन्ने कुरा सुत्ने वालाले कसरी जान्न सक्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनकि ऊ त सुती हालेको छ । तब यी कुराहरूलाई सिद्ध गर्ने को ? आफू वाहेक अरू कोही हुनै सक्तैन । उसो भए नास्तिकता, अज्ञान वासना, आदिको भाव र विशेष गरीकन अभावलाई पनि सिध्द गर्ने आफू (सबैको वास्तविक म) कसरी चानचुने होला ? यो महान वस्तु फेरी अप्रसिद्ध र अप्राप्त वस्तु पनि होइन र प्राप्तगर्न कठिन पनि छैन । किनकि हराएको वस्तुलाई पाउन कठिन होला किन्तु पहिले त नहराएको वस्तुलाई कोही बुद्धिमान मानिस खोज्दै खोज्दैन, कसैगरी खोजी हाल्यो भने विचरालाई घाँटीको माला हराए झैं भएछ भन्नै पऱ्यो किनकि "लौ हरायो" भन्ने कुरालाई पनि सिद्ध गरेर स्वयं रही रहेको छ नत्र हराउनु भन्ने कुरा वन्दै वन्दैन । यही थोरै भूलमा परेका श्रद्धालु एवं गुरुमा द्रोह नगर्ने गुरु भक्त मानिसलाई यो किताप अद्वैत सुधा पान गराई अद्वैत वस्तु आफूमा जगाई दिन्छ ।

अनि आर्को एउटा परिचय–यही पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिने ताक अमेरिकामा एकजना युवकले आत्मालाई वैज्ञानिक रीतिले प्रदर्शन गर्न सक्नेलाई धेरै धन पारितोषिकको रूपमा दिने भनी बाजी–कोष राखेका थिए। त्यसै प्रतिस्पर्धा मा नेपालको तर्फबाट भागलिने नीधोगरी यो किताबको दोश्रो खण्ड "आत्मप्रदर्शन" लेखिएको हो अनि अद्वैत संस्थाले श्री ५ को सरकार संग यसका लागि निवेदन गरेको पनि हो किन्तु सरकारको तत्सम्बन्धी नियम नहुंदा अनुमति प्राप्त हुन सकेन।

यहां वैज्ञानिक रीति भनेर सिसीमा मिक्सचर घोली देखाउनु भैं होइन किन्तु चारै तिरको प्रमाणले आत्मालाई सिद्ध गराउनु हो; जुन कुरा आत्मप्रदर्शनमा लेखिएको छ।

यस उसले आफू सम्बन्धी जानकारी राख्न चाहने प्रत्यक्षवादी सज्जनले यो ग्रंथ हेर्नु उचित मात्र हैन अनिवार्य छ। नेपाली भाषामा यस प्रकारको ग्रंथ सर्वप्रथम यहो एउटै हो भन्नुमा केही अत्युक्ति छैन।

यस्तो अमूल्य किताबलाई प्रकाशमा ल्याउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने "स्वरूपज्ञापक" अद्वैत विश्वविद्यालय खुदी बेनी लमजुङ्का सम्मान्य उप–कुलपति; अद्वैत संस्थाको आदर्श–शाखा खुदी बेनीका श्रद्धेय शाखा प्रमुख अद्वैत रत्न श्री डम्बरजङ्ग गुरुङज्यूलाई हार्दिक अभिवादन र धन्यवाद ज्ञापन गर्दछु । अद्वैत ज्ञानलाई चारैतर्फ फैलाउन वहांले तन मन, र धनलाई यसरी संलग्न तुल्याउनु भएकोमा वहां अवश्य धन्यवादका योग्य हुनुहुन्छ । तन, मन र धनको आखिर तीन गति नातिले बताएकोछ–दान, भोग र नाश । धनको उपभोग त सर्व साधारण र पामर मानिसहरू पनि स्वभा–वैले गरी रहन्छन् र भोगजनित अपकीर्ति र कुवास-नालाई उ संग छाडी "चलाचलमिदं सर्वम्" अनुसार धन नाश भएर गै हाल्छ । एकमात्र दूरदर्शि बुद्धि-मान र गुरूवाट उपदेश र आशिर्वाद पाएका मेधा सम्पन्न मानिस नै तन, मन र धनलाई अक्षय काममा लगाउँदछन् । यसवाट नै मानिस सदा बाँची रहन्छन् किनकि वांच्नु हो कीर्ति र मर्नु हो अपकीर्ति । जो नाशवान तन, मन र धनलाई गुरूप-दिष्ट मार्गमा उत्सृजन गरी सदुपयोग गर्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ नै संधै वांची रहन्छ र जो यस विपरित चली तन, मन र धनलाई भोगादि क्रियामा मात्र उपयोग गर्दछ ऊ बांचेर पनि मरी रहेछ। त्यो मृतवत हैन जीवनन्मृत नै हो। यसैले म श्री गुरुज्ञजीलाई संस्थाको तर्फवाट पुनः कृतज्ञता ज्ञापन गर्दछु।

दिनाङ्क :
कामदा एकादशी
२०२७ श्रावण
नारायणगढ (चितौन)

विनित
महाकर्मी अद्वैत रत्न
गंगाराम श्रेष्ठ
सचिव
अद्वैत संस्था नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द० ६२७७
ना०वि०पी०, पुस्तकालय,
मु०१।५०

अद्वैत सुधा

१। म हूँ अद्वैत ब्रह्म स्वरूप

म संधै विद्यमान रहेको छु किनकि अहङ्कार आदि मवाट नै सत्तालाभ गर्दछ, म हूं अहङ्कार आदिको साक्षी। अहङ्कार ममकार चित्तमा उठ्छ र गै हाल्छ तर तिनीहरूको साक्षात् प्रकाशक म सारा अवस्थाहरूमा मौजुद रहन्छु। जाग्रतमा देह इन्द्रियको साक्षी रूपले म वर्तमान छु, स्वप्नमा अन्तःकरणको वासनारुप प्रपञ्चको म हूं अवभासक र सुषुप्तिमा अज्ञान को साक्षीरूपले म प्रकाशित छु। दुःखादिको अनुभव कालमा पनि म अप्रिय हैन किन्तु म सर्वदा प्रिय नै हूँ। म प्रिय भएको हुनाले आफ्नू स्वरूपमा स्नेहको कारण दुःखादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वेष देखिन्छ तर शत्रुको दुःखमा कसैलाई द्वेष हुँदैन (अर्थात् दुःखमा द्वेष हुनाको कारण हो आफ्नू स्वरूपमा प्रियता बुद्धि)।

त्यसकारण कुनै कालमा पनि मेरो अभाव संभव छैन। म हूं सत् रूप, म सर्वदा प्रकाशमान छु–त्यसकारण म हूँ चैतन्य स्वरूप र परम प्रीतिको विषय भएको हुनाले म हूं आनन्दरूप। यसरी म सत्, चित् र आनन्द वस्तु हूँ।

म नै सर्वज्ञ र सर्वकारण हूँ। मबाट नै यो जगत उत्पन्न भएको छ। जस्तो स्वप्न प्रपञ्चको म नै हूँ साक्षी–स्वप्न प्रपञ्च द्रष्टा मबाट नै उत्पन्न हुन्छ (मिथ्या पदार्थ को उपादन हो उसको द्रष्टा नै) त्यस्तै जाग्रत् प्रपञ्चको द्रष्टा मबाट नै जाग्रत कालीन सारा पदार्थ उत्पन्न भएको छ। (दृश्य भएको हुनाले यो सम्पूर्ण प्रपञ्च हो मिथ्या)। त्यसकारण सारा प्रपञ्चको द्रष्टा म हूँ त्यसको उपादान (कारण) यसरी स्रष्टा भएको हुनाले (म बाट उत्पन्न भएको हुनाले) म त्यसको कारण हूँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वज्ञता हो साक्षीता (सर्व प्रकाशकता) बुद्धि विशिष्ट प्रमाता इन्द्रियादिको सहारामे कुनै पदार्थ लाई जानोस् किंवा नजानोस् दुवै जान्नु लाई किंवा नजान्नु पछिलाई–म नै प्रकाश गर्छु। त्यसकारण म नै हूँ सारा पदार्थको ज्ञाता (अवभासक) सारा पदार्थ ममा नै कल्पित भएको छ (म नै हूं सबै पदार्थको ज्ञाता) सम्पूर्ण पदार्थको अधिष्ठान अर्थात् सर्वकारण।

यसरी म नै हूँ सर्वप्रकाशक, सर्वज्ञ र सर्वकारण ब्रह्म।

म वास्तवमा देहादियुक्त मानिस होइन। देहादियुक्त भाव सुषुप्तिमा रहंदैन। किन्तु म सुषुप्ति कालमा पनि रहन्छु त्यसकारण म हुँ सारा दृश्य रहित केवल प्रकाशरुप। प्रमाताभाव मेरो वास्तव स्वरूप होइन–त्यसकारण प्रमाताभावको जान्नु नजान्नु किंवा त्यसको सत्ता असत्ता आदि सारा विकार हुन् दृश्य। मेरो शुद्ध चैतन्य स्वरूपमा कल्पित (मिथ्या) ती विकार आदि ममा विल्कूलै छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो स्वतः नाश हुन सक्तैन किनकि सबै कालमा र सबै अवस्थामा मेरो स्वरूपको अनुभव विद्यमान रहन्छ–जो बालक कालमा म माता पिता-लाई देखेको थिएं त्यही म पौत्रहरुलाई देखी राखे-को छु, जो म स्वप्न कालमा स्वप्न देखेको थिएं त्यही म अहिले जागा छु–यसरी बाल्यादि कालमा र जाग्रदादि अवस्थामा आफूलाई एकनाश रुपले अनुभव गरी राखेको छु त्यसकारण मेरो नाश संभव छैन । मेरो स्वतः नाश भए (म क्षण क्षणमा भिन्न भए) त्यो नै हो म यस्तो अनुभव हुन सक्ने थिएन। म अंश रहित (निरवयव) भएको हुनाले अरु कुनै कारणले पनि (कुनै निमित्त बशात्) मेरो बिनाश संभव छैन । चैतन्यरूप भएको हुनाले म हूँ अवयव रहित–यस्तो अवयव रहित शून्य मसा कुनै एक देशवर्ती हेतु रहन सक्तैन । त्यसकारण कोहीबाट पनि मेरो नाश संभव छैन । मरण आदि प्रतीति हो देहादि उपाधि जनित (अर्थात् देहादिको नाश प्रतीति हुन्छ, मेरो जन्म मरण छैन) म हूं नित्य र ब्रह्म देखी अभिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायु द्वारा मेरो शोषण, अग्नि द्वारा दाह, पानी द्वारा क्लेदन र शास्त्र द्वारा छेदन हुन सक्तैन। आकाश झैं निरवयव मेरो कुनै पदार्थ द्वारा संस्पर्श हुन सक्तैन। म हूँ परमार्थ सत्य वस्तु। वायु आदि हुन् मायाद्वारा कल्पित मिथ्याभूत पदार्थ। त्यसकारण वास्तवमा अद्वितीय असङ्ग मेरो शोषण आदि कसरी संभव हुन सक्ने ?

म हूँ सर्वगत–परिच्छिन्न होइन (देहादि परिच्छिन्न भएतापनि तिनीहरूको अधिष्ठानभूत म सर्वत्र व्याप्त छु)। जगतको भान चैतन्य स्वरूप मेरो सत्ता विना कदापि संभव छैन। मसा कल्पित भएर जगत् प्रपञ्चको अवभास चैतन्यरूप मबाट प्रकाशित भै रहेको छ। त्यसकारण म हूँ सर्वगत। धेरै योजन टाढा अवस्थित चन्द्र, सूर्य मण्डल र त्यस देखि पनि धेरै टाढा ध्रुवादि नक्षत्र मेरो प्रकाशबाट प्रकाशित भै रहन्छ। चन्द्र आदि (अनात्म भएको हुनाले) आफूबाट भासित हुन सक्तैन–सम्पूर्ण जगत् स्वप्रकाश चैतन्य स्वरूप म सित सम्बन्ध भएको हुनाले भासमान भै रहेको छ। म यदि कुनै एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउंमा मात्र स्थित हुने थिएं तव ध्रुवादि नक्षत्र सित मेरो कसरी सम्बन्ध हुन सक्ने थियो ? त्यस-कारण भन्नु पर्छ कि चन्द्र, सूर्य, ध्रुव आदिको भासक भएको हुनाले म हूँ सर्वव्यापी (सारा ठाउंमा पुगी राखेको छु)। देहादि उपाधिवसात् मेरो चित् स्वरूपमा परिच्छिन्नता भ्रमले मात्र प्रतीत हुन्छ। म वास्तवमा परिच्छिन्न देहादि देखी अत्यन्त भिन्न र सर्वव्यापी हूँ। त्यसैले म ब्रह्म स्वरूप नै हूँ, ब्रह्म देखि भिन्न होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२। म अहङ्कार होइन

देश, काल, आकाश आदि वास्तवमा अद्वितीय मेरो स्वरूपमा कल्पित हुन्। चैतन्यरूप म सित सम्बन्ध विना देश काल बस्तु प्रकाशित हुन सक्तैन किनकि यिनीहरू हुन् अनात्मा त्यसकारण जड। जड पदार्थ प्रकाश रहित भएको हुनाले असत्य हो– जसको प्रकाश छैन त्यसको सत्ता हुन सक्तैन। चैतन्य सित सम्बन्ध हुनुको अर्थ हो मेरो चैतन्य स्वरुपमा कल्पित हुनु किनकि चैतन्य र जडको सम्बन्ध वास्तवमा हुन सक्तैन। त्यसकारण यो सम्बन्ध कल्पित (मिथ्या) हो। त्यसैले आकाश आदि जगत् हो मेरो चैतन्य स्वरूपमा कल्पित –अर्थात् चैतन्य स्वरूपको विवर्त–देह इन्द्रिय प्राण मन र बुद्धि हुन् अनात्मा। "यिनीहरू मेरा हुन्" भनिकन बुद्धि यिनीहरूलाई विषय गर्दछ (आलिङ्गन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछ–निश्चय गरी राखेको छ)। जस्तो घटादि हो बुद्धिको विषय त्यस्तै देह, इन्द्रिय, प्राण र मन हो बुद्धिको विषय र ममताको विषय। रुपादि युक्त भएको हुनाले देह हो घटको झैं अनात्मा (अर्थात् देह म हैन, किन्तु म देखि भिन्न जड र मिथ्या पदार्थहो)। इन्द्रिय सारा हो वरिपरी जस्तो करण, वायुरुप प्राण हो बाह्य वायु झैं अनात्मा–म देह हुँ यस्तो प्रतीति प्राणको होइन। देहादि पञ्च पदार्थ (देह, इन्द्रिय, प्राण, मन र बुद्धि) हो अनात्मा (म देखि भिन्न) जस्तो स्फटिकमा रातो बुद्धि (जपाकुसुमको सन्निधि वशात्) हुन्छ त्यस्तै म दुब्लो हुँ यस्तो प्रतीति देह धर्मको आरोप [कल्पना] वशात् यथा संभव हुन्छ। देहादि संघात [समष्टि] पनि म हैन, जस्तो गृहादि पदार्थ [संघात] मेरो स्वरूप हुन सक्तैन।

बुद्धिको विषय किंवा ममताको विषय नभए पनि अहंकार मेरो वास्तव स्वरूप हुन सक्तैन। किनकि सुषुप्ति आदि अवस्थामा म विद्यमान भएतापनि अहंकार को विद्यमानताको अभाव देखिन्छ। त्यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारण अहङ्कार म हुन सक्तिन [म र अहङ्कार एकै वस्तु हुन सक्तैन]।

अहङ्कार हो मेरो स्वरूप देखि अत्यन्त भिन्न। चैतन्यरूप म हूँ अन्तःकरणको परिणामरूप रागद्वेष आदिको द्रष्टा–घट पट आदि पदार्थमा अनुगत चैतन्य। घट स्फूरित भए स्फूरण विद्यमान भनी अनुभव हुन्छ। म हं प्रियतम वस्तु[आनन्दरूप]। जो आनन्दरूप हो त्यो नै प्रियतम हुन्छ। यसकारण सबै चाहना गर्छ म सर्वदा रहन पाऊँ, कहिले पनि मेरो अभाव नहओस्। यस्तो सर्वदा अनुगत र आनन्दरुप म कहिले पनि अहङ्कार हुन सक्तिन। अहङ्कार हो परिणामी [राग, द्वेष, आदि युक्त] परिमित दुःखादि युक्त। म हूँ द्रष्टा, अहङ्कार हो दृश्य। म हूँ सर्वगत, अहङ्कार हो परिच्छिन्न। म हूँ आनन्दरुप र अहङ्कार हो दुःखयुक्त। यस प्रकारले अनुभूयमान म र अहङ्कारमा धेरै भेद स्पष्ट देखिन्छ तापनि अविवेक वशले यो भेद सबैले अनुभव गर्न सक्तैनन्। जस्तो आगो र फलाम परस्पर भिन्न भएतापनि तातो फलाम अविवेक वशात् आगो झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[दाहकता] प्रतीत [कल्पित] हुन्छ ।

संसार मेरो नभएको हुनाले म संसारी होइन। म हूँ नित्य शुद्ध चैतन्य वस्तु । यो प्रतीयमान संसारको सम्बन्ध हो केवल अहङ्कार सित । अहङ्कार नभए [अहङ्कार न रहे] सुषुप्ति, मूर्छा आदि अवस्थामा दुःख रागादि र त्यसको कार्य भिन्न भिन्न प्रवृत्ति देखिंदैन । त्यसकारण संसार हो अहङ्कारको–अहंकारको साक्षी चैतन्यरूप मेरो संसार होइन। अहंकार भए जाग्रत र स्वप्न कालमा संसार दृष्ट हुन्छ । सुषुप्तिमा अहंकारको अभाव हुन्छ र तत्काल मा केवल चैतन्यमात्र अवशिष्ट रहन्छ, संसार रहंदैन । त्यसकारण संसारको सम्बन्ध हो अहंकार सित । म अहंकारको साक्षी हूँ अहंकार देखि अत्यन्त भिन्न–त्यो न जानेर अहंकार विवेक [पृथक भनी विवेचित] नभएको हुनाले भ्रमले संसार प्रतीत हुन्छ । जस्तो रातोपन सेतो स्फटिकमा प्रतीत हुन्छ । त्यस्तै शुद्ध चैतन्य हामिमा केवल उपाधी वशात् संसार प्रतीत हुन्छ । अहंकार उपाधी जब रहंदैन तब [सुषुप्ति आदि कालमा] मेरो वास्तव स्वरूपमा संसारको अभाव देखिन्छ । सुषुप्ति साक्षी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ममा जस्तो सुषुप्ति कल्पना छैन–सुषुप्ति अवस्था हो केवल अहंकारको किनकि सुषुप्ति अवस्थामा अहंकार संस्कार रूपले विद्यमान रहन्छ–त्यस्तै जाग्रत स्वप्न अवस्था हो अहंकारको–मेरो होइन। जो सुत्न भएर सुषुप्तिलाई जान्न सक्तैन त्यो अहंकार सुषुप्तिमा अवस्थायुक्त हुन्छ–म सुषुप्ति अवस्था युक्त र सुषुप्ति अभिमानी पुरुष होइन। यसको कारण यो हो कि सुषुप्ति र तत्कालिन अज्ञानलाई प्रकाश गरिकन तत्कालमा पनि जागा रहन्छु [निदाई हाल्दिन]। त्यसकारण सुषुप्ति अवस्था रहित चैतन्यरूप मम स्वप्न र जाग्रत अवस्था पनि रहंदैन। म जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थाको साक्षी हूँ, त्यसकारण मेरो जाग्रदादि अवस्था हुन सक्तैन। म हूँ तीनै अवस्था रहित केवल शुद्ध प्रकाश [शुद्ध चैतन्य]। घटको साक्षी जस्तो घट्को धर्म सित युक्त हुंदैन, त्यस्तै अवस्थात्रयको साक्षी म कुनै अवस्था युक्त हुन सक्तिन। अवस्थात्रयको लक्षण विचार गरे पनि देखिन्छ कि मेरो कुनै अवस्था सित सम्बन्ध छैन। विशेषज्ञानको (भिन्न भिन्न पदार्थ ज्ञानको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरतिलाई सुषुप्ति भनिएको छ । विशेष ज्ञानको उत्पत्ति हो जाग्रत र स्वप्न । वासनामय प्रपञ्चको विज्ञानलाई स्वप्न र स्थूल प्रपञ्चको विज्ञानलाई जाग्रत भन्दछ । नित्य परिपूर्ण अलुप्त प्रकाशरूप अवस्थात्रयका साक्षी–मेरो यी अवस्थाहरू कसरी हुन् सक्लान् ? अनादि नित्य ज्ञानस्वरूप मेरो ज्ञानको उपरति (सुषुप्ति) किम्वा उत्पत्ति (स्वप्न र जाग्रत) कसरी संभव होला ? जन्य वृत्तिरूप ज्ञानको आसग भएको हुनाले अहङ्कारको यी त्रिविध अवस्था उपपन्न हुन्छन् । यसरी म हूँ जाग्रदादि सारा अवस्था रहित एक रस शुद्ध अखण्ड चैतन्यमात्र ।

उत्पत्ति, वृद्धि, अपक्षय र विनाश आदि विकार हुन् वाह्य घटादि पदार्थको र आन्तर बुद्धि अहङ्कार आदि पदार्थको । म हूं यो वाह्य र आन्तर सारा पदार्थको ज्ञाता अवभासक चैतन्य त्यसकारण म हूं सारा विकार रहित (निर्विकार) । किनकि म वाह्य आन्तर घटादि अहङ्कार पदार्थको उत्पत्ति परिणाम आदि सब विकारलाई प्रकाश गरी रहेको छु । त्यसकारण म हूँ निर्विकार किनकि जो कुनै पदार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई प्रकाश मात्र गर्छ त्यो पदार्थको धर्म सित युक्त हुन सक्तैन । यदि विकारको साक्षीमा कुनै विकार मानिन्छ तब विकारको अनुसन्धान कहिले पनि संभव छैन । विकारी पदार्थ विकारको अनुसन्धाता (अनुसन्धान गर्ने वाला) हुन सक्तैन । विकार प्राप्त भए पहिलेको पदार्थ नष्ट भै हाल्छ त्यसकारण त्यो पदार्थ कसरी अन्यकालको विकारको अनुसन्धान गर्न समर्थ होला ?

कुनै निपुण मानिस पनि आफ्नो जन्म र विनाशलाई जान्न सक्तैन । म आफ्नो समान कालिन पदार्थलाई मात्र जान्न सक्दछु । निजस्थिति कालमा विद्यमान नभएको हुनाले आफ्नो जन्म किम्वा विनाश कसरी जान्न सक्ला ? त्यसकारण मेरो जन्म र नाश नभएको हुनाले वृद्धि, विपरिणाम र अपक्षयरूप मध्यवर्ती विकारहरू पनि मेरो हुन सक्तैन । त्यसकारण म हूँ सारा विकार रहित अखण्ड अविनाशी चैतन्य मात्र ।

-:※×※:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३। अज्ञान हो मभा कल्पित

[वास्तव होइन]

यदि कोही भन्दछ कि "म प्रकाशित छैन" (अर्थात् आत्मस्वरूप मेरो लागी अज्ञात छ, म आत्मालाई जान्दिन) तव जिज्ञासा गर्दछु कि यो अज्ञान कसरी सिद्ध हुन्छ ?–तिमी प्रकाशित छैन यो कुरा तिमी कसरी जान्दछौ ? यसको जवाफम तिमिले भन्नु पर्दछ कि यो तिमी स्वप्रकाश आफ्नो अनुभव द्वारा जान्न सक्तछौ । त्यसकारण यो स्प देखिन्छ कि यो स्वयं र सर्वदा प्रकाशमान आत्मस्व रूपलाई अप्रकाश किम्वा अज्ञानले कहिले पनि ढाक सक्तैन । रहस्य यो हो कि तिम्रो आफ्नो वास्त स्वरूप सर्वदा स्वयं भासमान भैकन सारा पदार्थलाई प्रकाश गरी राखेको छ त्यसकारण यो आत्मस्वरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई प्रकाश विरोधी अज्ञानले कसरी नाश गर्न सक्ला ? जस्तो अत्यन्त उज्यालो सूर्यलाई अन्धकारले नाश गर्न सक्तैन (ढाक्न सक्तैन) किनकि प्रकाश र अप्रकाश हो अत्यन्त बिरोधी। त्यस्तै आत्मस्वरूपमा अज्ञान (अप्रकाश) अलिकति पनि रहन सक्तैन–युक्ति र अनुभूतिबाट सिद्ध छ ।

यदि जिज्ञासा गर्दछौ कि त्यसो भए "आत्म स्वरूप मेरो लागी प्रकाशित छैन" यस्तो अज्ञानको अनुभव कसरी संभव छ ? यसको जवाफ यो हो कि यस्तो भ्रमसिद्ध अनुभव प्रत्यक्ष प्रतीत भएतापनि अज्ञान वास्तवमा छैन। किनकि विचार जनित ज्ञान उत्पन्न भए आत्मस्वरूपको अप्रकाश नष्ट भै हाल्छ। युक्ति पूर्वकको (गीतामृत प्रमाण तात्पर्य टीका पृष्ठ ४४१–४४३ हेर्नु होस्) विचार द्वारा ज्ञान उत्पन्न हुन्छ। विचार हो वेदान्त शास्त्रको श्रवण र मननरूप शास्त्र प्रमाण द्वारा सिद्ध। "म हूँ शुद्ध चैतन्य ब्रह्म" यस्तो अवधारणलाई मनन् द्वारा दृढ गर्नु पर्छ – किनकि म कर्ता भोक्ता होइन। त्यसकारण म हूँ शुद्ध चैतन्यस्वरूप, यसमा कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देह छैन - यस प्रकार निश्चय गर्नु पर्छ । गुरु र शास्त्रको वचनमा अत्यन्त श्रद्धा भएमा नै यो संभव हुन्छ । देहादिमा म र मेरो भावलाई परित्याग नगरे सम्म चैतन्यस्वरूपको निश्चय उदित हुंदैन । यस प्रकार विचार जन्य अनुभव हो अत्यन्त अखण्डित चित्तमा (अशंभावना आदि दोष रहित निर्मल चित्तमा) भासमान आफ्नू चैतन्यस्वरूप । विचार उदित नभए अप्रकाश निवारित हुँदैन । विचार द्वारा अशंभावना आदि दोष निवृत्त भै हाल्छ र आत्मस्वरूप स्वतः प्रकाशित हुन्छ । यसकारण अज्ञान कल्पित भएको हुनाले ज्ञानबाट त्यसको निवृत्ति युक्ति युक्त हो । अज्ञानरूप मूल निवृत्त भए अहंकारको पनि निवृत्ति संभव हुन्छ । अहंकार उपाधिवशात् आत्मस्वरूपमा जो कर्तृत्वादिरूप संसार प्रतीत हुन्छ त्यो पनि निवृत्त भै हाल्छ । यसरी आफ्नो वास्तव स्वरूपको ज्ञान हो अत्यन्त सफल ।

—‡❀‡—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४। म केवल निर्विभाग चैतन्य हूँ

[जड र चेतन विभाग हुन् माया कल्पित]

भोग्य पदार्थ हो जड़ र भोक्ता हो चेतन। महाचेतन (अलुप्त चैतन्य स्वभाव) मसा भोक्ता र भोग्यभाव आरोपित हुन्छ। एक अद्वितीय स्वप्रकाश चैतन्यस्वरूप मसा यो जड् चेतन कल्पना संभव हुन्छ। जसमा तमोगुण प्रधान छ त्यो हो भोग्य र जसमा चैतन्य प्रधान छ त्यो हो भोक्ता। मं ती दुवैको प्रकाशक महाचैतन्य (शुद्ध निराभास चैतन्य स्वरूप) हूँ–म चैतन्यरूप भोक्ताभाव देखी पनि अतीत हूँ। जस्तो अचल भित्तामा पशु र पर्वत (पहाड) दुवै प्रकार विभाग देखिन्छ–तिनीहरू वास्तव होइनन् (मिथ्या हो) केवल एक निर्विकार (समान) भित्ता रहेको छ त्यस्तो गुणभेदले कल्पित भोक्ता किम्वा प्रमाता (जीव) र भोग्य किम्वा प्रमेय (जगत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी उभय विभाग हुन् वास्तवमा मिथ्या । निर्विभाग महाचैतन्य स्वरूप म नै हूँ एक मात्र परमार्थ सत्य वस्तु (ब्रह्म) ।

-*:*-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५। म संसारको साक्षी हैन

म हूँ निर्विकल्पक। ममा वास्तवमा रूप विकल्प केही पनि छैन किनकि श्रुतिले सारा द्वैत पदार्थलाई निषेध गरेको छ। कर्तृत्वादि कुनै प्रपञ्च सित मेरो वास्तवमा कुनै सम्बन्ध नभएको हुनाले ममा साक्षीभाव वास्तवमा छैन। कर्तृत्वादि सारा दृश्य हो अपरमार्थ रूप (केवल व्यावहारिक) त्यसकारण दृश्यको साक्षीता तात्विक (वास्तविक) हुन सक्तैन। परमार्थतः कर्तृत्वादि प्रपञ्च नभएको हुनाले मेरो साक्षीभाव पनि हो उपलक्षण मात्र पारमार्थिक सत्य हैन—मेरो साक्षीभाव नजिकमा स्थित भएर (तटस्थ रूपले) मेरो वास्तव स्वरूपको ज्ञापन मात्र हुन्छ। जस्तो ब्रह्मलाई जगत् कारण भनिन्छ त्यस्तै निर्विकल्प मेरो वास्तव स्वरूपलाई साक्षी भन्दछ कर्तृत्वादि कुनै द्वैत प्रपञ्च नभएको हुनाले साक्षी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म हूँ वास्तवमा सारा विकल्प रहित एकरस चैतन्य वस्तु ।

यसरी जगत् प्रपञ्च र अहङ्कारादि मेरो वास्तव स्वरूपमा कल्पित भएको हुनाले ममा वास्तवमा कुनै विकल्पको अवसर छैन । त्यसकारण ममा जन्म मरण आदि कुनै विषयको संभावना छैन । जस्तो फिंज आदि द्वारा समुद्रलाई कुनै हानि र लाभ हुन सक्तैन त्यस्तै ममा कल्पित जन्म नाश आदि कल्पना द्वारा अधिष्ठान चैतन्य स्वरूप मेरो कुनै लेश संभव छैन । अहङ्कार आदि अविद्या कल्पित भएको हुनाले तत्कृत भ्रम किम्वा कर्तृत्व द्वारा वास्तवमा संसारी भावना रागद्वेष, कर्तृत्व भोक्तृत्व आदि सित मेरो कुनै प्रकार सम्बन्ध हुन सक्तैन । मेरो पारमार्थिक स्वरूप हो अति शुद्ध चैतन्य मात्र । म ज्ञानको किम्वा आनन्दको आश्रय होइन । सत्ता हो मेरो स्वरूप–सत्व मेरो धर्म हैन, शरीरमा अनुगत (अनुप्रविष्ट) भएर म शरीरवान हैन त्यसकारण शरीर नष्ट भए म नष्ट (असत्य) हुँदैन । म छैन यस्तो हुँदैन । म अनात्म कुनै विषयमा अनुगत हैन किनकि आफू देखि भिन्न अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थ वास्तवमा भएको होइन (शरीरादि मेरा कल्पित भएको छ मात्र) चैतन्य किम्वा ज्ञान हो मेरो वास्तव आफ्नो स्वरूप। म ज्ञानको आश्रयरूप होइन। जड् प्रपञ्चको साक्षी भएको हुनाले म हूँ चिद्रूप। म चैतन्यको विषय होइन–म वेद्य वस्तु होइन–घटादि वेद्य भएका हुनाले तिनीहरू हुन् अनात्म। म अवेद्य किम्वा अज्ञय पनि होइन किनकि अवेद्य भए म असत्य भै हाल्ने थिएँ। त्यसकारण म चैतन्यको विषय होइन। म हूँ चैतन्य स्वरूप (संधै प्रकाशित)। जो ज्ञानको (चैतन्यको) विषय हुन्छ जसको प्रकाश (भान) ज्ञानको अधिन हुन्छ त्यो ज्ञानको विषय हुन्छ। यदि मेरो वास्तव स्वरूप ज्ञानको अधिन भएर प्रकाशित हुन्थ्यो (अर्थात् ज्ञानको विषय भनी–मानिन्थ्यो) त्यसो भए त्यो मेरो स्वरूप (आत्मा) नहुने थियो–किन्तु अनात्म नै हुने थियो। त्यसकारण म ज्ञानको आश्रय होइन, ज्ञानको आश्रय हो अहङ्कार। जो अन्तःकरणको वृत्तियुक्त हो त्यो अहङ्कार हो। ज्ञान किम्वा चैतन्य मेरो गुण होइन किन्तु ज्ञान हो मेरो स्वरूप। जब अन्तः करणको कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्ति हुंदैन [अर्थात् अन्तःकरणको अभाव हुन्छ] तब पनि म स्वयं प्रकाशित रहन्छु । प्रकाशरूप मेरो कहिले पनि अभाव हुन सक्तैन । यदि भन्छौ कि अभाव हुन्छ तब तिमी संग सोध्छु कि यो अभाव लाई कसरी जान्दछौ ? तिमी यदि अभावलाई जान्दैनौ भने अभाव असिद्ध भै हाल्छ । यदि यसलाई तिमी जान्दछौ तब स्विकार गर्नु पर्दछ कि यो अभावको प्रकाशक छ । त्यसकारण प्रकाशक मेरो [आत्माको] अभाव सिद्ध हुन सक्तैन । त्यसकारण म निर्विभाग चित् स्वरूप [ब्रह्म] भएको हुनाले सुषुप्तिमा पनि म विद्यमान रहन्छु [तर अहङ्कारको किम्वा द्वैत प्रपञ्चको लेश पनि रहंदैन] ।

प्रश्न—यदि तपाई भन्नु हुन्छ कि ज्ञान स्वरूप आत्मा आफूलाई जान्दछ तब त कर्म कर्तृभाव एक साथ प्राप्त हुन्छ । अनि यदि भन्नु हुन्छ कि आफूलाई जान्दिन तब आत्मा असत्य भै हाल्छ ।

उत्तर—यो ठीक होइन । आत्मा स्वप्रकाश भएको हुनाले अरू ज्ञानको अपेक्षा बिना आत्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप भासमान हुन्छ । कर्म कर्तृभावरूप विरोध पनि रहन सक्तैन । किनकि आत्म स्वरूप ज्ञानको विषय होइन । आत्मस्वरूप स्वयं नै [आफूबाट नै] अनुभूत हुन्छ, त्यसकारण असत्य हुन सक्तैन । तर आत्म स्वरूप अनुभवको विषय हाइन । त्यो अरूज्ञानको विषय नभएको हुनाले अज्ञय छ तापनि असत्य हुन सक्तैन [किनकि त्यो हो सर्वदा अनुभव सिद्ध वस्तु] । जसको प्रसादबाट सारा जगत भासमान भै रहन्छ । त्यो परिपूर्ण प्रकाश स्वरूप वस्तु कसरी असत्य किम्वा अप्रकाशित हुन सक्ला ? आत्मस्वरूप सबैको अवभासक भएको हुनाले अन्य निरपेक्ष रूपले आफू संधै भासमान भै रहेको छ । यसरी मेरो अति शुद्ध चैतन्य स्वरूप हो ज्ञानरूप [चिद्रूप निर्गुण ब्रह्म] । यही सिद्ध भयो ।

आनन्द पनि मेरो गुण होइन त्यो हो मेरो आफ्नो स्वरूप । इष्ट पदार्थको प्राप्ति जनित जो सुखाकार अन्तःकरण वृत्ति उदित हुन्छ म त्यो वृत्ति युक्त चैतन्य होइन–किम्वा त्यस पदार्थको अप्राप्ति जनित जो दुःखाकार वृत्ति उत्पन्न हुन्छ म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तद्युक्त पनि होइन [अर्थात् म निरानन्द किम्वा सुखी दुःखि होइन] म हूँ सर्वदा सुख स्वरूप [सुखी किम्वा दुःखि होईन] सुख मेरो गुण होइन । सुख यदि म देखि भिन्न गुण हुन्थ्यो तब त्यो सुख अनात्म हुने थियो । यस्तो अनात्मभूत सुख अनात्माको हुन्छ । किम्वा मेरो लागी [मेरो उपकारी] हुन्छ । यदि मेरो लागी होइन तब मलाई प्रिय हुंदैन [जस्तो शत्रुको सुख मलाई प्रिय हुंदैन] । यदि मेरो लागी हो तब त्यो सुख स्वतः प्रिय हुंदैन जस्तो पुत्र किम्वा भार्या सबै समय सुखकर हुँदैन । त्यसकारण तिनीहरूले अनुकुल आचरण गरे सम्म प्रिय भनी विवेचित भएतापनि तिनीहरू स्वतः प्रीतिको विषय हुँदैन । किन्तु सुख सबैको प्रिय हुन्छ सुख हो स्वतः प्रिय वस्तु । कुनै उपाधि वशात् त्यो प्रिय भनी विवेचित हुँदैन । त्यसकारण त्यो हो आफ्नू स्वरुप नै [भिन्न कुनै वस्तु हुन सक्तैन] ।

प्रश्न—कसरी यसो हो ?

उत्तर—सुन, जगतको सारा पदार्थ तल बताइएको चार प्रकार मध्ये कुनै एक प्रकारको अन्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बताउंछु । (१) आत्मा (२) प्रिय (३) अप्रिय र (४) उपेक्षा । अहिले हेरौं सुख कुन प्रकारको वस्तु हो । सुखलाई सबै प्रार्थना गर्दछ [चाहना गर्दछ] त्यसैले त्यो सुख बाघ आदि भैं अप्रिय पदार्थ हुन सक्तैन, लोष्ठादि भैं उपेक्षणीय पनि हुन सक्तैन र त्यो सुख केवल प्रिय पनि हुन सक्तैन किनकि स्त्री पुत्रादिमा सामयिक प्रियता [प्रेम] देखिन्छ । त्यसो भए परिशेषमा सुखलाई आत्मरूप नै भन्नु पर्दछ । आत्मा जस्तो सबैको परम प्रेमको आस्पद हुन्छ सुख पनि त्यस्तै सबैको सर्व कालिन निरूपाधि प्रेमको विषय हुन्छ । त्यसैले सुख किम्वा आनन्द हो आत्मस्वरूप ।

प्रश्न—सुख आफ्नो लागी [आत्म स्वरूपको निम्ति] मनुष्यमात्रलाई प्रीतिको विषय हुन्छ–यसो भन्नु किन बन्दैन ?

उत्तर—तिमी भन्दछौ कि सुखले आत्मालाई उपकार गरेको हुनाले किम्वा आत्माको सुख साधन भएको हुनाले सुख हो मनुष्यको प्रिय । जस्तो स्त्री आदि सुख साधन द्वारा देवदत्त उपकृत सुखो)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । यस्तो पत्नमा स्त्री आदिको सुख साधन [उपकारी] र देवदत्त [उपकृत मानिस] हो भिन्न भिन्न वस्तु । तर द्राष्टान्तमा आत्मामा उपकारी [सुख साधन] र उपकृत आफ्नू स्वरूप भिन्न भिन्न होइन–अर्थात् आफ्नू स्वरूपमा कर्म [उपकृत मानिस] र कर्ता [उपकारी साधन] यस्तो विभाग हुन सक्तैन । त्यसकारण सुख साधनताको लागि आत्मा प्रिय होइन किन्तु सुखरूप आत्मा हो सबैको प्रिय । सुख मलाई उपकार गर्दछ भनी सुख मेरो प्रिय हो यस्तो होइन किन्तु सुख आत्मरूप हुनाले सबैको परम प्रिय हुन्छ । ठूलो प्रेमको आस्पद भएको हुनाले म हूँ सुखरूप (आनन्द स्वरूप) ।

प्रश्न—सुख उत्पन्न हुन्छ नष्ट पनि हुन्छ तब कसरी आत्मस्वरूप हुन सक्ला ?

उत्तर—उत्पन्न सुख (सुखाकार आत्माकार वृत्ति) सुखस्वरूप साक्षी चैतन्यलाई प्रकट गरी दिन्छ – त्यो चैतन्य स्वरूपको प्रतिविम्ब मात्र हो । प्रतिविम्ब द्वारा विम्वभूत सुखात्मा लक्षित हुन्छ (गीतामृत प्रमाण तात्पर्य टीका पृष्ट ५८८–५९० हेर्नु होस्) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६। म अखण्ड एकरस ब्रह्म हूँ

म एक अद्वितीय सच्चिदानन्द स्वरूप ब्रह्म हूँ। म उपाधि कालमा किंवा उपाधिको अभाव कालमा नानाप हुन सक्तिन। सत्य ज्ञान र आनन्द परस्पर भिन्न हैन। भिन्न भए सत्यको सत्यता, ज्ञानको ज्ञानता र आनन्दको आनन्दता सिद्ध हुँदैन। सत्य यदि ज्ञान देखि भिन्न हो तब त्यो जड् देखि भिन्न भै हाल्थ्यो र त्यो शुक्ति रजत झैं असत्य भै हाल्ने थियो (त्यसको सत्यता रहंदैन)। ज्ञान यदि सत्य देखि भिन्न हो तब असत्य ज्ञान जड् भै हाल्छ र ज्ञानता हराई हाल्छ। त्यसकारण सत्य र ज्ञान हो परस्पर अभिन्न यस्तो स्विकार गर्नु पर्छ। फेरी ज्ञान र आनन्द परस्पर भिन्न हुन सक्तैन। आनन्द ज्ञान देखि भिन्न भए घटादि झैं त्यो ज्ञान अनानन्दतालाई प्राप्त गर्दछ। आनन्द देखि ज्ञान यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्न हो तब आनानन्द ज्ञान घटादि झैं जड् भै हाल्छ त्यसकारण ज्ञान र आनन्द हो परस्पर अभिन्न, यस प्रकार स्विकार गर्नु पर्छ । यसरी सत्य र आनन्द अ नन्द हो अत्यन्त अभिन्न यस्तो बुझ्नु पर्दछ । आनन्द हो तब असत्य आनन्द शुक्ति-रौप्य झैं अनानन्द भै हाल्छ । फेरी सत्य यदि आनन्द देखि भिन्न हो तब त्यो सत्य रहंदैन । यसरी सत्य र पनि हो परस्पर अभिन्न । यदि सत्य देखि भिन्न नित्य मुक्त शुद्ध आदि परस्पर अभिन्न भनी बुझ्नु पर्दछ ।

प्रश्न—यदि सत्य र मुक्त आदि पद अत्यन्त अभिन्न हो तब पनि शब्द आदिको एक साथ प्रयोग गर्नु निष्प्रयोजन हो । घट, कुम्भ, कलश आदि एकार्थ बोधक शब्दको त एक साथ प्रयोग गरिंदैन ?

उत्तर—सत्य आदि पदको अत्यन्त अभेद भए तापनि लनीहरूको वाच्यार्थमा भेद छ । सत्य पदको अर्थ हो मुख्य सत्य (ब्रह्म) र अमुख्य सत्य (माया युक्त ब्रह्म) । ज्ञान पदको अर्थ हो विम्वरूप साक्षी चैतन्य (मुख्य ज्ञान) र आनन्द शब्दको अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो अन्तरात्मा (मुख्य आनन्द) र अत्यन्त शान्त बुद्धि वृत्ति (अमुख्य आनन्द) यसरी नित्य शुद्ध आदि अरू पदार्थ पनि हो मुख्य (निर्गुण ब्रह्म) अमुख्य ब्रह्म (जगत आकाश माया यो उभयरूप

त्यसकारण वाच्यार्थ भेद स्वीका गरेको हुनाले यी पदहरू पर्यायवाची हुन सक्तैनन् ।

प्रश्न—वाच्यार्थ भेद भए सत्य आदि पद कसरी एक (अत्यन्त अभिन्न) हुन सक्लान् ?

उत्तर—यी पदहरूको वाच्यार्थमा भेद भए तापनि तिनीहरूको लक्षित अर्थ एक, अखण्ड, एकरस ब्रह्म भएको हुनाले सत्य आदि पदहरू वास्तवमा हुन् परस्पर अभिन्न । त्यसकारण जगत् सम्बन्धी (दृश्य सम्बन्धी सारा भेदलाई परित्याग गर्दाकन अखण्ड एकरस ब्रह्मरूपले नै स्थित छु ।

भेदयुक्त विरूद्ध अंश हो देहादि जगत सम्बन्धी त्यसको परित्याग भए अविरूद्ध अभिन्न एकरस चिदाकारता लक्षित हुन्छ चिन्मात्र वस्तु (ब्रह्म) हो सारा पदको लक्ष्यार्थ । त्यसको प्राप्तिका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केवल वाच्यगत विरूद्धांशको नै (नानाविध भेद भावको नै) परित्याग गर्नु पर्छ ।

यसरी मेरो सच्चिदानन्द नित्य, शुद्ध, मुक्त ब्रह्मस्वरूपता सिद्ध भयो ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म प्रदर्शन

[आत्मस्वरूपको सम्यक प्रदर्शन]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म प्रदर्शन

(आत्म स्वरूपको सम्यक प्रदर्शन)

जो गोष्ठि आत्मालाई वैज्ञानिक रीतिबाट सिद्ध गर्न प्रयत्न गरी राखेको छ त्यो हो अत्यन्त प्रशंसा-योग्य किनकि यो देखिन्छ कि वैज्ञानिक सहाराबाट वैज्ञानिक धेरै गवेषणा र अविष्कार गरेर पनि केवल आविष्कार कर्ता र त्यो आविष्कारको फल भोक्ता भैकन पनि वैज्ञानिक सम्पूर्ण रूपले सुखी हुन सकेको छैन। त्यसकारण वैज्ञानिकले पनि आत्मस्वरूपको अनुसन्धान गर्नु हो स्वाभाविक। अनुसन्धान र प्रयोग पूर्वक जो पदार्थ सम्बन्धि विशेष ज्ञान किम्वा अनुभव उत्पन्न हुन्छ त्यसको नै फल हो वैज्ञानिक आविष्कार। वैज्ञानिक धेरै आविष्कार गरिकन पनि यो बहु कृतित्व पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिक युगमा पूर्ण सुखी हुन सकेको छैन। उसले सुखको खोजिमा नै विज्ञानलाई अवलम्बन गरेको हो। त्यसकारण त्यो गोष्ठिबद्ध भैकन विज्ञानको सहारालै आत्म स्वरूप सिद्धिको बारेमा अनुसन्धान गर्नको लागि कटिबद्ध भएको छ। यो प्रयत्न हो प्रशंसनीय र यो अनुसन्धान निश्चित रूपले सफल हुन्छ।

मनुष्यको वास्तव स्वरूपको अनुसन्धानको प्रयोजन हो निरतिशय सुख प्राप्तिको निम्ति विचारवान मानिसको प्रयत्न। यसलाई सामान्य रूपले मुमुक्षा (साक्षात्कार लाभ गरिकन मुक्त हुने ईच्छा) भने पनि हुन्छ–किनकि यो अनुसन्धानको उद्देश्य हो अनवच्छिन्न (निरतिशय) सुख प्राप्तिको निमित्त विवेकशील मानव गोष्ठिको आन्तरिक ईच्छा। सारा दुःखको आत्यन्तिक निवृत्ति वास्तव आत्म स्वरूपको सफल ज्ञान बिना कदापि संभव छैन।

यो अनुसन्धान सफल हुनाको कारण यो हो कि आत्मस्वरूप हो एकमात्र परमार्थ सत्य वस्तु र यसैको नै सनातन र स्वतः सिद्ध प्रकाशले सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत र दृश्यमान सारा पदार्थ प्रकाशित भै रहेको छ । यो सर्वद्रष्टा आत्मा केवल सत्य र प्रकाशरूप होइन–यो हो अत्यन्त प्रिय–साक्षात् आफ्नो पृयतम वास्तव स्वरूप । यस कारण तिम्रो, मेरो र सबैको यो आत्मा हो एकमात्र सारभूत वस्तु । प्रियतम भएको हुनाले आफ्नो वास्तव स्वरूपको अभाव कसैले कहिल्यै पनि ईच्छा गर्दैन । यो आत्म वस्तु सर्वदा अवस्थित छ । यो हो सारा परिच्छेद शून्य ।

म, तिमी शब्द द्वारा जो वस्तु लक्षित हुन्छ त्यसलाई आत्मा भन्दछ । 'म' भन्दा साधारण मानिसले शरीरलाई बुझ्दछ तर आत्मा यो शरीर भित्र निवास गरेतापनि (अन्तःकरणमा प्रतिभासित भएतापनि) वास्तव शरीर र अन्तःकरण देखी अतीत हो । अन्तःकरणमा जो आत्म चैतन्यको प्रतिबिम्ब पर्दछ त्यसैको नाम हो अहङ्कार । आफू (आत्म स्वरूप) हो यो अहङ्कारको बिम्बस्वरूप ।

देह र अन्तःकरण विशिष्ट चैतन्य हो म शब्दको साधारण अर्थ–यो कर्ता, ज्ञाता र भोक्ता हो– । अहङ्कार हो विकारी–सुखी दुःखि–र आगमापायी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा हो विकारशून्य र नित्य सनातन एकरस आनन्दरूप वस्तु । अन्तःकरण हो छाया मानिस । आत्मा हो मानिसको वास्तव, नित्य र अपरिणामि स्वरूप ।

संक्षेपले भन्नु परे देहादि युक्त मानिस हो कर्ता ज्ञाता, भोक्तारूप चैतन्य छाया र मानिसको वास्तव स्वरूप [आत्मा] हो त्यो छायाको उत्पत्तिको कारण –त्यो प्रतिविम्वको विम्वस्थानीय सत्य आधारभूत स्वरूप । शरीर सापेक्ष मभाव हो प्रतिविम्व र आत्मा हो त्यसको विम्व निर्विकार एकरस नित्य प्रकाशरूप वस्तु । साधारण मानिस भूलले प्रतिविम्वलाई आफ्नो वास्तव स्वरूप भनी मान्दछ ।

ग्रीस देशीय पौराणिक कथामा पाइन्छ कि नार्सिसस भन्ने एकजना मानिस कुवाको पानीमा आफ्नो मुखको सुन्दर मुर्ति प्रतिविम्वत देखेर मुग्ध भै त्यसलाई नै आफ्नू स्वरूप भनी निश्चय गरेका र त्यही छायालाई आफ्नो आत्मा ठानेर त्यसमा अत्यन्त आशक्त भएका थिए । अर्थात् नार्सिसस्ले अत्यन्त नजिकमा स्थित आफ्नो वास्तव छाया द्रष्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपलाई भूलिकन अवस्तु छाया पुरुषलाई आफ्नू स्वरूप भनी निश्चय गरेका थिए। याहांबाट स्पष्ट बुझिन्छ कि जबसम्म अवस्तु छाया स्वरूपलाई मिथ्या जानीकन त्यसको आत्यन्तिक परित्याग हुँदैन तब सम्म त्यो छाया पुरुष भ्रममा परीकन जति तर्क, युक्ति, कृया, भावना गरोस् तापनि त्यो आफ्नू वास्तव स्वरूपलाई प्राप्त गर्न सक्तैन। "अवस्तु छाया स्वरूप हो मिथ्या" यस प्रकारको निश्चय भएमा नै आफ्नू अत्यन्त नजिकमा स्थित साक्षात् अव्यवहित (अवस्तु) छाया पुरुषको द्रष्टा आफ्नू वास्तव पहिलेको स्वरूपलाई प्राप्त गर्न (दर्शन गर्न) सक्तछ। अवश्य "यो छाया तिमी होइनौ, तिमी हौ छाया को द्रष्टा मात्र, समिपस्थित चेतन पुरुष" यस्तो आप्त वचनरूप प्रमाण आवश्यक हुन्छ।

प्रस्तुत विषयमा पनि स्पष्ट देखिन्छ कि जो आत्मालाई वैज्ञानिक रीतिबाट सिद्ध गर्नको लागि प्रयत्न र अनुसन्धान गरी राखेका छन् तिनीहरूले शरीर सापेक्ष र अन्तःकरण बिशिष्ट छाया चैतन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई नै आफ्नो स्वरूप भनी निश्चय गरेका छन् । अर्थात् प्रमाता बनेर प्रमाण द्वारा प्रमेय आत्म स्वरूपलाई देख्नको लागि उत्सुक भै रहेका छन् । याहां प्रमाता हो अहङ्कार, प्रमाण हो वैज्ञानिक सिद्धान्त र प्रमेय हो अनुसन्धान को विषय आफ्नू वास्तव स्वरूप ।

यो आत्मा साक्षात आफ्नू अव्यवहित स्वरूप भएको हुनाले–अर्थात् मानिसको आफ्नू स्वरूप भएको हुनाले यसलाई भिन्न रूपले देखाउनु (देख्नु) बन्दैन । आफू देखि भिन्न घट् किम्वा सुख दुःख-लाई प्रमाता मानिसले अन्तःकरणको तदाकार वृत्ति को सहारावाट जान्न सक्छ । बाहिरको घट को ज्ञान किम्वा आन्तर सुख दुःखको ज्ञान हो उत्पत्ति र विनाशशील । यो वृत्तिरूप ज्ञान साक्षी आत्मा-बाट प्रकाशित हुन्छ तर आत्मस्वरूप केवल प्रकाश रूप (चैतन्यरूप) भएको हुनाले त्यसको प्रकाश हो अविनाशि । वृत्तिरूप ज्ञान यो प्रकाशरूप आत्म चैतन्य द्वारा उद्भाषित भैकन पदार्थलाई प्रकाश गर्दछ । वृत्तिरूप ज्ञान हो साक्षी चैतन्यको छाया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र । यसरी देखिन्छ कि द्रष्टा, दर्शन र दृश्य अन्तःकरणको तीन प्रकारका वृत्ति हुन् उत्पत्ति र विनाशशील । यो त्रिपुटीको प्रकाशक भएको हुनाले –त्रिपुटीको अपेक्षाले–आफ्नो वास्तव चैतन्य स्वरूप लाई साक्षी भनेको छ । र त्यसकारण सुषुप्तिमा जब कुनै विषय रहंदैन तब "आत्मा कुनै विषयलाई प्रकाश गर्दैन" यस्तो भनिन्छ । वास्तवमा आत्म–चैतन्यको प्रकाश विषय रहोस् वा नरहोस् संधै अनुएण छ । आत्मा हो चैतन्यरूप । जब सारा अनात्म विषयको अभाव हुन्छ तब आफ्नू वास्तव स्वरूप अद्वितीय एकरसरूपले स्वयं प्रकाशित रहन्छ ।

यसरी आत्म स्वरूप एकमात्र सत्य वस्तु र स्वयं सर्वदा प्रकाशमान हो भन्ने सिद्ध हुन्छ ।

आत्मस्वरूपलाई सम्यक प्रदर्शन गर्नु भन्दा पहिले यो जान्नु पर्दछ कि यो अनुसन्धान हो वास्तवमा भ्रम मूलक । मानिसले जो चाहिं प्राप्त गर्न ईच्छा गर्दछ त्यो हो २ प्रकारको । (१) जो चाहिं वास्तवमा अप्राप्त हो र (२) जो चाहिं प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भै कन पनि भूलले अप्राप्त भनी मानिन्छ । यसको उदाहरण हो (१) अप्राप्त अमेरिका जो चाहिं भ्रमण कृयाको सहारालै प्राप्त हुन्छ (२) गलामै रहेको सुनको माला विस्मृत भएकोले स्मरण (गलामै स्थित छ भन्ने ज्ञान किम्वा अनुभव) द्वारा फेरी प्राप्त भै हाल्दछ । आफ्नू वास्तव चैतन्य स्वरूपको प्राप्ति पनि हो स्वतः र सर्वदा सिद्ध चैतन्य स्वरूप को–छाया अहंभावको परित्याग पूर्वक–फेरी सम्यक अनुभव [साक्षात्कार] द्वारा संभव हुन्छ ।

फेरी मानिसले जो चाहिं परिहार गर्न खोज्दछ त्यो पनि २ प्रकारको छ । (१) अनिष्ट कांढा आदि र (२) डोरिमा देखिएको सर्प । यसको उदाहरण हो कांढा आदिको अपसारणबाट अनुभूत वेदनाको निवृत्ति(स्वस्थता प्राप्ति) र (२) मिथ्या भैकन पनि(सत्य रूपले प्रतीत सर्परूप अपरोक्ष भ्रमको) ज्ञान द्वारा (रज्जु स्वरूपको साक्षात्कार द्वारा) (भयदायी सर्पको)निवृत्ति हुन्छ । यस प्रकार मानिसको दुःखादि मिथ्या भए तापनि (किनकि सुषुप्तिमा दुःखादि अनुभूत हुँदैन) आत्मस्वरूपको साक्षात्कार विना त्यो कल्पित दुःखको निवृत्ति संभव छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२। संक्षीप्तमा युक्ति प्रदर्शन

अन्तःकरण विशिष्ट चैतन्य (सापेक्ष अहं) भाव सर्वदा रहंदैन त्यसकारण त्यो मिथ्या हो यस्तो भन्नै पर्छ। यद्यपि जाग्रत र स्वप्न कालमा अहङ्कार दृष्ट हुन्छ तापनि सुषुप्ति समयमा अन्तःकरण नभए-को हुनाले अहङ्कार पनि छैन। तर अहङ्कारको अभाव भएतापनि यसको अभाव परिज्ञात हुन्छ–यसको परिज्ञाता हो साक्षी चैतन्य (मनुष्यको वास्तव स्वरूप)। साक्षी चैतन्य सुषुप्ति कालमा पनि रही रहन्छ।

केवल सुषुप्तिमा होइन किन्तु जाग्रत र स्वप्न अवस्थाको भाव र अभावलाई साक्षी चैतन्य नै आफ्नो प्रकाशबाट प्रकाश गरी हाल्छ। ज्ञात रूपले होस् किम्वा अज्ञात रूपले होस् सारा विषय हुन् साक्षी चैतन्य द्वारा प्रकाशित। यसरी हामिहरू युक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यो युक्ति हो वैज्ञानिक पद्धतिको प्राण स्वरूप)सहारा-बाट स्पष्ट बुझन सक्छौं कि परिच्छिन्न अहंभाव मनुष्य को वास्तव स्वरूप होइन किनकि त्यसको अभाव देखिन्छ। यो प्रमाताभाव उत्पन्न हुन्छ र हराउँछ किन्तु चैतन्यरूप आत्मवस्तु सर्वदा विद्यमान रहन्छ। अनुस्यूत रूपले (अधिष्ठानरूपले) होस् किम्वा अवधि रूपले (साक्षीरूपले) होस्।

"चैतन्य स्वरूप आत्म वस्तु छैन" भन्नु वन्दैन किनकि (१) जब शरीर मन रहंदैन तब पनि "म छु" यस्तो अनुभव भै रहन्छ। सुषुप्तिबाट उठीकन "जो म सुतेको थिएं त्यही म अहिले जागेको छु" यस्तो प्रत्यभिज्ञा हुन्छ। यसप्रकार पहिलेको स्मरण जो गर्दछ त्यो हो अनुभवरूप (प्रकाशरूप, सारा दृश्य रहित चैतन्य आत्मा)। चैतन्यरूप आत्मस्वरूप को सिद्धि नमाने पछि मनको अभावकालमा तिम्रो पनि अभाव भै हाल्ने थियो। सुषुप्ति पछि तिमी कसरी पूर्वको (पुरानु) त्यही मानिस रहन सक्ने थियौ ? त्यसकारण तिमी संधै चैतन्यस्वरुप आत्मा हौ तर भूलले (जाग्रत र स्वप्नमा) प्रमाता बनीकन – प्रमाताभावलाई वास्तवमा सदा प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी राखेर पनि–र [सुषुप्तिमा] प्रमाताभावलाई छाडीकन साक्षी स्वरूपमा स्थित भैकन पनि–भूललाई अहिलेपनि नछाडेको हुनाले अहङ्कार बनीकन आफ्नो वास्तव स्वरूपको अनुसन्धान गरी राखेका छौ। तिमी आत्मा भएको हुनाले जाग्रदादि अवस्थाको आविर्भाव र तिरोभाव देखीकन पनि ती सारा अवस्थाहरूको साक्षी रूपले निर्विकार स्थित भै रहेका छौ। कुनै अवस्थालाई वास्तवमा तिमीले समातेका छैनौ र छाडी दिएका पनि छैनौ किन्तु निर्लिप्त भएर सारा आगमापायी दृश्यको साक्षात् प्रकाशक रूपले स्थित छौ।

(२) शरीर मन र सारा पदार्थ [जसलाई तिमी अनुभव गरी राखेका छौ] ती हुन् परिवर्तनशील। यो कुरा को जान्दछ ? अपरिवर्तनीय, सारा पदार्थको अनुभविता तिम्रो वास्तव आत्मस्वरूप नै सारा पदार्थको प्रकाशक रुपले सधै अवस्थित भै रहेको छ। किनकि तिमी सारा अनुभव गरी राखेका छौ। अनुभव भिन्न भिन्न भएतापनि – त्यो अनुभवको प्रकाशक तिमी अद्वितीय एकरस चैतन्य वस्तु एक हौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[३] फेरी हेर ; तिम्रो मन, तिम्रो अहंभाव, तिम्रो शरीर र ईन्द्रिय सारालाई तिमी जानी राखेका छौ–यिनीहरू हुन् तिम्रो दृश्य । द्रष्टा विना कुनै दृश्य रहन [अड्न] सक्तैन । यी साराको द्रष्टा को हो ? यो द्रष्टा हो यी साराको साक्षी निर्विकार, सनातन, एकरस तिम्रो आत्मा [तिम्रो वास्तव स्वयं प्रकाश चैतन्य स्वरूप] ।

यी तीन प्रकारका युक्तिको सहारामे चैतन्य स्वरूपको वैज्ञानिक रीतिबाट सिद्धी संभव हुन्छ ।

किन्तु यो आत्म चैतन्य कसैको दृश्यरूपले सिद्ध हुन सक्तैन । स्थूल दृश्य घट् जस्तो प्रमाता बाट वेद्य हुन्छ र अहङ्कार जस्तो सूक्ष्म दृश्य साक्षी द्वारा ज्ञात भै हाल्छ । आफ्नो आत्म चैतन्य त्यस्तो दृश्य कोटीको वस्तु हैन । किनकि यो आत्मा नै हो सारा दृश्यको द्रष्टा [प्रकाशक] । आत्मचैतन्य विना कुनै पदार्थ पनि सिद्ध हुन सक्तैन । त्यसकारण अन्तःकरण विशिष्ट प्रमाता [अहङ्कार] आत्म स्वरूपलाई कसरी [भिन्नरूपले] जान्न सक्ला ?

आत्मा हो प्रमातारूप छाया पुरुषको बिम्ब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप [सारभूत वस्तु]–प्रमाताको वास्तव सनातन स्वरूप त्यसकारण प्रमाताभाव निराकृत भएमा मात्र वास्तव चैतन्यस्वरूप एकरस निराभास रूपले स्वयं प्रकाशित भै हाल्छ । "प्रमाताभाव हो मिथ्या" यस प्रकार जब शास्त्र प्रमाणबाट निश्चित हुन्छ तब प्रमाताभाव [चिदाभास] नष्ट भै हाल्छ । र विम्बभूत चैतन्य [मनुष्यको वास्तव स्वरूप] स्वयं प्रकाशित हुन्छ । यसरी मनुष्यको [प्रमाताको] आत्म स्वरूप स्वयं प्रकाशरूपले सजिलो सित निःसन्दिग्धरुपले सिद्ध हुन्छ ।

परिच्छिन्न छाया पुरुष [प्रमाता] कसरी आफ्नो विम्बस्वरुपलाई भिन्नरुपले [गाईको सिङ्लाई समाते झैं] दर्शन गर्न सक्ला ? आफू देखि भिन्न [बाह्य किम्वा आन्तर] पदार्थलाई जनाउनाका लागि प्रमाणको आवश्यक हुन्छ । आफूलाई जान्नको लागि प्रमाणको आवश्यकता छैन । आफ्नो वास्तव स्वरुप हो नित्य सिद्ध–प्रमाण त्यसलाई सिद्ध गर्न सक्तैन [किनकि प्रमाण पनि आफ्नो चैतन्यबाट सिद्ध हुन्छ] । शास्त्र प्रमाण केवल मोह [अज्ञान]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई हटाई दिन्छ [प्रमाता आदि त्रिपुटी भ्रम हो अवास्तव यो जनाई दिन्छ–दृश्य भ्रम निराकरण गरी दिन्छ] साधक प्रमाता हो वास्तवमा विम्बभूत चैतन्य स्वरूप यही उपदेश दिन्छ। परिणामले बुद्धि अखण्डाकार [वृत्ति रहित, ब्रह्माकार] भै हाल्छ र आफ्नू वास्तव चैतन्य स्वरुप त्यो ब्रह्माकार वृत्तिमा भासमान भै हाल्छ। यसरी चैतन्य स्वरुप-को स्वतः अनुभव हुन्छ–यसैलाई आत्म दर्शन भनिएको छ।

आत्म स्वरुप भावना जनित पदार्थ होइन जसलाई भिन्न रुपले साधक दर्शन गरोस्। त्यो ईन्द्रिय द्वारा ग्राह्य होइन। मन बुद्धि उसलाई जान सक्तैन। त्यो हो ईन्द्रिय, बुद्धि अहङ्कार आदि सारा अनात्म पदार्थ देखि अतीत। यिनीहरुको मिथ्यात्व निश्चित भए बुद्धिको सारा वृत्तिको जब अभाव हुन्छ तब नै आत्मा अखण्डित बुद्धिमा स्वयं प्रकाशमान भै हाल्छ। अनात्म पदार्थ सारा मिथ्या हो [यिनीहरु आत्मस्वरुप देखि अभिन्न हो] शास्त्र प्रमाणबाट यो निश्चय उत्पन्न भए प्रमाताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छिन्न स्वरूप विगलित भै हाल्छ र बिम्बभूत एक अद्वितीय आत्म चैतन्य स्वयं प्रकाशित हुन्छ। अन्तःकरण विशिष्ट परिच्छिन्न प्रमाताभाव नष्ट भए निरूपाधि बिम्ब स्वरूप स्वयं प्रकाश आत्म चैतन्य अवशिष्ट रहन्छ। यसरी जो मन बुद्धिको अतीत र प्रमाताको वास्तव सनातन निराभास चित् सुख स्वरूप हो त्यो ब्रह्माकार बुद्धिमा स्वतः अनुभूत हुन्छ। यसरी जो मिथ्या प्रमाता बनीकन आफ्नो स्वरूपको अनुसन्धान गरी राखेको छ त्यो शास्त्र प्रमाण द्वारा निज प्रमातारूप भ्रम परित्याग गरीकन (आफ्नो मिथ्या स्वरूपलाई बाधित गरीकन) निज यथार्थ सनातन चित्सुख स्वरूपलाई फेरी प्राप्त गरी हाल्छ। यसरी सदा प्राप्त (किन्तु विस्मृत) आत्माको पुनराय प्राप्ति र मिथ्या (किन्तु भ्रमले सत्यरूपले गृहीत) दुःखको आत्यन्तिक निवृत्ति केवल आत्म स्वरूपको ज्ञान (साक्षात्कार) द्वारा संभव हुन्छ—कुनै कृया द्वारा होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३। आत्म स्वरूपको अनुभूति

युक्ति द्वारा सिद्ध आत्मस्वरूपलाई साधक आफ्नो हृदयमा सम्यक अनुभव गर्न सक्छ । युक्ति हो अनुभूतिको पूर्वचर । युक्तिको सहाराबाट आत्मा (जो आफ्नो वास्तव स्वरूप हैन यसमा) शरीर, ईन्द्रिय, मन र अहङ्कारमा म र मेरो बुद्धि परित्याग गरे पछि (यिनीहरू वास्तवमा म होइन, मेरो पनि होइन यस प्रकारले निश्चय गरे पछि अचल (अत्यन्त अखण्डित) अन्तःकरणमा चैतन्य स्वरूप आत्मा स्वयं र सहजले भासमान हुन्छ । साधक हो ज्ञाता, साधन हो सारा अनात्म पदार्थको मिथ्यात्व बोधक वेदान्त शास्त्र जनित अखण्डाकार बुद्धि (ज्ञान) । आफ्नू वास्तव चैतन्य स्वरूप हो साध्य (ज्ञेय वस्तु) ।

पहिले ज्ञाता ज्ञय वस्तुलाई आफ्नू वास्तव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५। समाधि र साक्षात्कारको तुलनात्मक विवेचन

समाधि भनेर निर्विकल्प समाधिलाई बुझाइन्छ। समाधि चित्तको सत्यता पक्ष अवलम्बन गरीकन प्रवृत्त हुन्छ। साक्षात्कार चित्तको मिथ्यात्व पक्षमा आधारित छ।

समाधि सविकल्प सहित स्वरूपको ज्ञान साक्षी बाट प्रत्यक्ष हुन्छ। साक्षात्कार हो मिथ्यारूपले अंगीकृत चित्तको ब्रह्मस्वरूपमा हवन अर्थात् ब्रह्मस्वरूपमा पर्यवसान।

निर्विकल्प समाधिमा जो ब्रह्मको ज्ञान हुन्छ त्यो ज्ञान साक्षीबाट प्रत्यक्ष भएको हुनाले अज्ञात त्रिपुटी पूर्वक संभव हुन्छ। त्यसकारण चित्तको विनाश वन्दैन। किनकि चित्तलाई मिथ्या भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चय नगरीकन समाधिमा प्रवृत्त भएको
कारण निर्विकल्प समाधिबाट पनि व्युत्थ

चित्तको आत्यन्तिक नाशको नि
मिथ्यात्व पक्ष नै स्वीकार गर्नु पर्छ।
चित्तलाई मानीकन समाधिरुप क्रिया द्वा
आत्यन्तिक नाश संभव छैन। चित्त
नभए चैतन्य स्वरुप अद्वैत ब्रह्म परिशिष्ट रहंदैन।
त्यसैले शास्त्र प्रमाणबाट चित्तलाई रज्जु सर्प झैं
आफ्नो चैतन्य स्वरुपमा कल्पित भएको छ भनी
निश्चय गर्नु पर्छ। यो निश्चय शास्त्र सिद्धान्त
लाई स्वीकार गर्ने वित्तिकै संभव हुन्छ। यसरी
चित्तको मिथ्यात्व निश्चय भए :—

(१) चित्त आफ्नू चैतन्य स्वरुपमा विलापित
हुन्छ—अर्थात् चित्तरुप लवण चैतन्य स्वरुप समुद्रमा
निमज्जित हुन्छ त्यसकारण चिद्रूपता प्राप्त चित्तको
त्रिपुटी भाव संभव छैन। त्रिपुटीको अभाव हुनु
पनि बन्दैन।

(२) यसरी चित्त चिद्रूप भएर स्थित भए
अर्थात् चित्त चैतन्यमा स्थित भएर र चैतन्य देखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu